Prepp
Your Personal Exams Guide

# UGC NET PAPER 3 NOVEMBER 05, 2017 SHIFT 1 NEPALI QUESTION PAPER

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. All questions are **compulsory**.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा** (75) बहुविकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ। **सबै** प्रश्न **अनिवार्य** छन्।

1. कसौँडीको एक सिता भात छामी भात पाक्यो कि पाकेन भनी बुझ्ने प्रक्रियालाई शोधविधिका शब्दावलीमा के भनिन्छ ?
   (1) आकस्मिक नमुना छनोट।
   (2) सैद्धान्तिक नमुना छनोट।
   (3) प्रकार्यात्मक नमुना छनोट।
   (4) सगुच्छ नमुना छनोट।

2. रूपनारायण सिंहको 'बिग्रेको बाहुन' कथाको पटभूमि कहाँ वा कुन हो ?
   (1) दार्जिलिङको बिजनबारी–पुलबजार क्षेत्र।
   (2) पश्चिमी नेपालको दार्चुला–सिलगढी क्षेत्र।
   (3) पूर्वीय नेपालको ओखलढुङ्गा–रामेछाप क्षेत्र।
   (4) सिक्किमको रानीपुल–साङ्खोला क्षेत्र।

3. दार्जिलिङमा इसाई मिसनरी र जोसमनी मन्थमाझ चलेको द्वन्द्वको प्रकरणमा पादरी टर्नबुलले सन् 1892 मा रङबुल धामका कुन साधुलाई लिखित रूपमा हाँक दिएका थिए ?
   (1) प्रेमदिलदास।
   (2) ज्ञानदिलदास।
   (3) रामदास।
   (4) अखड्दिलदास।

4. "जीवन एउटा सिफिलिसको कन्याइ र आत्मप्रताडना मात्र थियो हिटलरको पनि। बिसौँ शदीको दम्भको प्रतीक हो हिटलर। हिटलर मऱ्यो, उसको दम्भ अरूले पाल्छन् सधैँ सधैँ।"
   – उपर्युक्त मन्तव्य कसले कुन कृतिको भूमिकामा उल्लेख गरेका छन् ?
   (1) बालकृष्ण समले 'प्रह्लाद' नाटकमा।
   (2) विश्वेश्वर प्रसाद कोइरालाले 'हिटलर र यहुदी' उपन्यासमा।
   (3) जगदीश शमशेर राणाले 'नरसिंह अवतार' महाकाव्यमा।
   (4) भीम दाहालले 'विद्रोह' उपन्यासमा।

Prepp
Your Personal Exams Guide

5. लेखनाथ पौड्यालको 'सत्यकलिसंवाद' कस्तो कृति हो ?

(1) सत्ययुग र कलियुगको द्वन्द्वात्मक गाथा।

(2) राणाकालीन नेपालको दुर्दशाको अभिलेख।

(3) हिन्दू समाजको महापतनको वर्णनात्मक काव्य।

(4) आर्यसभ्यताको पुनर्जागरणको इतिहास।

6. लक्ष्मीप्रसाद देवकोटा रचित 'कटक' खण्डकाव्यको विषयवस्तु के हो ?

(1) नेपाल र भोटको युद्ध। (2) कोतपर्व र भँडारखाल पर्व।

(3) नेपाल – अङ्ग्रेज युद्ध। (4) नेपालको सात साले सशस्त्र आन्दोलन।

7. नेपालीमा लेखिएका सिकार-कथाका दृष्टान्त कुन कुन हुन् ?

(a) मातृकाप्रसाद कोइरालाको 'पीपाको हवल्दार'

(b) भिक्षुको 'भालुका बच्चा, मानिसका बच्चा'

(c) शिवकुमार राईको 'माछाको मोल'

(d) रमेश विकलको 'प्रतिहिंसा'

(1) (b) र (c) (2) (c) र (d) (3) (b) र (d) (4) (a) र (c)

8. "साथीभाइसँग छुट्टिएका, बाटो बिराएका एकदुई बादलका टुक्रा आकाशमा रँगभँगिँदै थिए।" – 'दोषी चस्मा' कथामा जर्साबको दर्शन गर्न नपाइने ठानेर निराश भई अरू सबै चाकरियाहरू गइसकेपछि एक्लै आसालु भई पर्खिरहने पात्र केशवराजको दृष्टिकोणबाट प्रस्तुत माथिको प्राकृतिक परिदृश्यको के सान्दर्भिकता देखिन्छ ?

(1) बेलुकीपखको प्राकृतिक सौन्दर्यको आलङ्कारिक चित्रण।

(2) इतिवृत्तात्मक शैली-सौन्दर्यमा वृद्धि।

(3) जर्साबको दर्शन नपाउँदा छरिएका बादलजस्तै सबैका मनमा आएको खिन्नता।

(4) सँगैका अरू सबैलाई छोडेर एक्लै भँगालिएको केशवराजको मानसिक शारीरिक स्थिति।

9. मानवशास्त्रीय आधारबाट लोकवार्ताको अध्ययन गर्ने को को हुन् ?

(a) जोसेफ बेदियार (b) लाउरी होन्को (c) ए बी लर्ड (d) ई बी टेलर

(1) (b) र (c) (2) (c) र (d) (3) (a) र (b) (4) (a) र (d)

Prepp
Your Personal Exams Guide

10. 'ऐतिहासिक पुनर्निर्माणवाद' - को अवधारणा कसले प्रतिपादन गरेका हुन् ?

(1) जर्ज जेम्स फ्रेजर। (2) रिचर्ड बाउमन। (3) ग्रिम बन्धुहरू। (4) फ्रेडरिक म्याक्समुलर।

11. लोकवार्ता अध्ययनको कुन पद्धति कसले प्रयोग गरेका हुन् ?

| | | | |
|---|---|---|---|
| (a) | पदार्थात्मवाद | (i) | एड्विन सिड्नी हार्टल्यान्ड |
| (b) | अवशेषवाद | (ii) | ई बी टेलर |
| (c) | प्रकार्यवाद | (iii) | जेम्स जर्ज फ्रेजर |
| (d) | टुनावाद | (iv) | मेलिनोब्स्की |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (1) | (iv) | (i) | (iii) | (ii) |
| (2) | (ii) | (iii) | (i) | (iv) |
| (3) | (iv) | (iii) | (ii) | (i) |
| (4) | (ii) | (i) | (iv) | (iii) |

12. "ब्युँज बैना पनेवारी तेरो पानी माछी बिटाललो

माछीको बिटलो पानी मयाँसर नै चड

ब्युँज बैना मटेवारी तेरो माटो मुसो बिटाललो

मुसाको बिटलो माटी लिपै नचड"

– पश्चिम नेपालको जुम्लातिर प्रचलित माँगल गीतका यी पङ्क्तिमा लोकको कुन अवधारणा अभिव्यक्त छ ?

(1) शकुन - अपशकुन। (2) जुठो - चोखो।

(3) फाप - अफाप। (4) पाप - पुण्य।

13. तलका मध्ये तीजका अवसरमा गाइने गीत कुन कुन हुन् ?

(a) झोरा (b) गौरा (c) आशिका (d) धमारी

(1) (a) र (c) (2) (a) र (b) (3) (c) र (d) (4) (a) र (d)

14. 'कान्टल' के हो ?

(1) 'कालेवाला' को एउटा पात्र। (2) 'कालेवाला' गाउने गायक।

(3) 'कालेवाला' गाँउदा बजाइने तारबाजा। (4) 'कालेवाला' लोककाव्यको छन्द विशेष।

15. 'ऊ सधैँ स्कुल जान्थ्यो।' - यस वाक्यको क्रियापद कुन पक्षमा छ ?

(1) अभ्यस्त पक्ष। (2) अपूर्ण पक्ष। (3) पूर्ण पक्ष। (4) अज्ञात पक्ष।

16. अभिनेय-अनभिनेयताका दृष्टिले 'प्रह्लाद' मा हिरण्याक्षको मृत्युको प्रसङ्ग कुन रूपमा प्रस्तुत गरिएको छ ?

(1) दृश्य। (2) सूच्य। (3) ऊह्य। (4) सर्वश्राव्य।

17. कस्तो सर्वेक्षणलाई 'पाइलट सर्वेक्षण' भनिन्छ ?

(1) शोधकर्ताले आफूभन्दा अघि सहयोगी दल पठाएर गराउने सर्वेक्षण।

(2) मूल परियोजना थाल्नअघि गरिने सानो सर्वेक्षण।

(3) अरू शोधकर्ताहरूलाई बाटो देखाउन गरिने सर्वेक्षण।

(4) शोधकार्यको क्रममा गरिने धेरैवटा सर्वेक्षणहरूमध्ये शीर्षस्थ सर्वेक्षण।

18. दिइएका विभिन्न सम्भाव्य उत्तरमध्ये उपयुक्तचाहिँ छनोट गरी उत्तर दिनुपर्ने प्रणालीलाई के भनिन्छ ?

(1) संरचित बन्द प्रश्नावली। (2) संरचित खुल्ला प्रश्नावली।

(3) असंरचित प्रश्नावली। (4) मिश्र प्रश्नावली।

19. पुस्तकालयमा पुस्तक-पत्रिकादि वर्गीकरण गरी राख्ने एउटा पद्धति 'लाइब्रेरी अव् कङ्ग्रेस' हो भने अर्को कुन हो ?

(1) अमेरिकन लाइब्रेरी प्रणाली। (2) डिवी प्रणाली।

(3) एम एल ए प्रणाली। (4) अङ्क प्रणाली।

20. तलका मध्ये कुन कुन चाहिँ गुणात्मक शोधका सबलता हुन् ?

(a) सीमित नमुना, तीक्ष्ण हेराइ।

(b) गम्भीर जँचाइयुक्त अन्तर्वार्ता।

(c) शोधकर्ताको आफ्नै मताग्रह अनुसार तथ्याङ्क विश्लेषण।

(d) यान्त्रिक व्याख्या र निष्कर्षग्रहण।

(1) (a) र (b) (2) (c) र (d) (3) (d) र (a) (4) (b) र (d)

Prepp
Your Personal Exams Guide

21. खण्डीय ध्वनिको उच्चारणसँग सुनिने चर्कोपना र जोडलाई के भनिन्छ ?

(1) तान।  (2) सुर।

(3) बलाघात।  (4) प्रबलता।

22. बोल्ने क्रममा दुईवटा उच्चारका बिचमा आउने मौनता र अवकाशलाई के भनिन्छ ?

(1) विराम।  (2) अड्डान।

(3) तानदण्ड।  (4) श्वसन।

23. तलका मध्ये कुनचाहिँ कथन **सत्य** हो ?

(1) आधुनिक वर्ण विज्ञानले वर्णलाई ध्वनिको अखण्ड एकाइ मान्दछ।

(2) वर्णसिद्धान्तको प्रतिपादन सर्वप्रथम लुई ह्येल्म्स्लेवले गरेका हुन्।

(3) उत्पादक वर्णविज्ञानले वर्णलाई विभेदक अभिलक्षणहरूको समूह मान्दछ।

(4) ध्वनि र वर्णमाझ कुनै तात्त्विक भेद हुँ दैन।

24. 'चिह्नित पद' भन्नाले के बुझिन्छ ?

(1) प्रयोग परम्परामा चलिआएका पद।  (2) चिने-जानेका पद।

(3) भाषामा सीमित सङ्ख्यामा रहेका पद।  (4) विभक्ति वा प्रत्यय लागेका पद।

25. 'पसलमा', 'मसँग', 'नानीलाई' – यी शब्दमा कस्तो सन्धि पाइन्छ ?

(a) प्रकृतिभाव  (b) वाह्य  (c) आन्तरिक  (d) लोप सन्धि

(1) (a) र (b)  (2) (c) र (d)  (3) (b) र (c)  (4) (a) र (c)

26. 'रसायन' पत्रिकालाई कुन भाषिक वा साहित्यिक आन्दोलनको घोषणा पत्र मानिएको छ ?

(1) राल्फा आन्दोलन।  (2) जनजिब्रो लेखन।

(3) अमलेख।  (4) यङ राइटर्स फ्रन्ट र बुटपालिस।

27. "गोरेलाई आफ्नू भागबाट चिउरा थपिदिँदै भनिन् – 'तिमी जवान छौ। तिमीलाई अरूभन्दा बढ्ता भोक लाग्दो हो।" – यस उद्धरणमा आएको 'गोरे' कुन कथाको पात्र हो ?

(1) शिवकुमार राईको 'माछाको मोल'।

(2) पुष्कर शमशेरको 'परिबन्द'।

(3) शिवकुमार राईको 'मानिस'।

(4) विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर'।

28. त्यसरी गोरेलाई 'अरूभन्दा बढी भोक लाग्दो हो' भन्नाको तात्पर्य के हो ?

(1) गोरेले चिउरा थपिदिनेलाई प्रेम गर्छ।

(2) गोरेप्रति चिउरा थपिदिनेको मन आकर्षित छ।

(3) चिउरा थपिदिने र गोरे लोग्ने स्वास्नी हुन्।

(4) गोरे भर्खरै बिरामीबाट तङ्ग्रँदैछ।

29. तलका मध्ये कुन उपन्यास सदाशिव शर्माको हो ?

(1) महेन्द्रप्रभा। (2) प्रारब्धदर्पण। (3) सुन्दरीभूषण। (4) वीरचरित्र।

30. "यो कुराको रिपोट साहेबलाई गर्नैपर्छ, घरि पनि घरि पनि यसले खेती पाएछ ....." – यस वाक्यमा प्रयुक्त 'खेती पाएछ' पदावलीको अर्थ के हो ?

(1) एकोहोरो लाग्नु। (2) झगडा गर्ने बहाना खोजिरहनु।

(3) कसैप्रति अधिक आशक्त हुनु। (4) कुनै कुरा व्यक्त गर्न अप्ठयारो मानिरहनु।

31. माथिको कथनमा 'यसले' भनेर सम्बोधित पात्रको नाउँ के हो ?

(1) ब्रिकमान। (2) सन्चमान। (3) धने। (4) जसे।

32. "'असत्यं अशिवं असुन्दरम्' (अनाटक) ..... दार्जिलिङमा सर्वप्रथम अभिनीत नाटक यस प्रकारको .... एउटा अपूर्व सफल प्रयोग थियो।" – यहाँ उल्लिखित नाटकका नाटककार एवं प्रस्तोता को हुन् ?

(1) जयन्त बम्जन। (2) मोहन थापा।

(3) मोहनपुकार। (4) मनबहादुर मुखिया।

Prepp
Your Personal Exams Guide

मैले भनेँ, "बोल-न!"

"के बोल्ने ?"

फेरि दुवै एकछिन स्तब्ध रह्यौँ।

आखिर मैले भनेँ "मसित जाने ?"

33. माथिको संवाद कुन पात्र-पात्रामाझ कुन कथामा भएको पाइन्छ ?

(1) 'बाघ' कथामा गोविन्द थापा र राधिकामाझ।

(2) 'बितेका कुरा' मा म पात्र र युवतीमाझ।

(3) 'फ्रन्टियर' मा म पात्र र सलिमामाझ।

(4) 'श्वैत भैरवी' मा म पात्र र फगुनीमाझ।

34. माथिको संवाद-सन्दर्भले स्त्री पुरुषमाझको कस्तो सम्बन्ध उद्घाटन गर्छ ?

(1) दाम्पत्येतर स्त्री-पुरुष सम्बन्ध।

(2) विवाहपूर्वको स्त्री-पुरुष सम्बन्ध।

(3) भिन्न भिन्न जातिका स्त्री र पुरुषमाझको सम्बन्ध।

(4) शैशवकालदेखिको स्त्री र पुरुषमाझको सम्बन्ध।

35. "किराती पुराकथामा आधारित यो गम्भीर नाटक नेपालीले आफ्नो जातीय (जनजातीय) पुराकथालाई लेखेको पहिलो नाटकका रूपमा प्रशंसनीय छँ दैछ।" – यसो भनेर समालोचक केशवप्रसाद उपाध्यायले कुन नाटकको प्रशंसा गरेका छन् ?

(1) तुलसी 'अपतन' को 'कमल'।

(2) नन्द हाङखिमको 'अभिषेक'।

(3) लक्ष्मण श्रीमलको 'पापशाला'।

(4) पूर्ण गुरुङ 'निरूपम' को 'शीर्षकविहीन'।

36. तलका मध्ये नाम पदको एउटा विशेषता कुन हो ?

(1) यसलाई विशेषीकृत गर्न सकिन्छ।

(2) यसको रूपायन लिङ्ग, आदर र भावद्वारा मात्र हुन्छ।

(3) यसका सबै बहुवचन रूप 'हरू' जोडेर बनाउन सकिन्छ।

(4) यसको तिर्यक् रूप हुँ दैन।

37. प्राथमिककालीन नेपाली कविता साहित्यमा 'काङ्गडा युद्ध' कविताका रचयिता को हुन् ?

(1) शक्तिवल्लभ अर्ज्याल।

(2) गुमानी पन्त।

(3) उदयानन्द अर्ज्याल।

(4) मौलाराम तोमर।

38. तलका मध्ये कुनचाहिँ उत्तरआधुनिकताका लक्षण हुन् ?

(1) सार्वभौमता, बुद्धिवाद र बहुलता।

(2) मौलिकता, लेखकीय अस्तित्व र शून्यता।

(3) लेखकको मृत्यु, इतिहासको गति र मान्छेको अस्तित्व।

(4) विकेन्द्रण, मुक्तता र इतिहासको अन्त्य।

39. साहित्यशास्त्रमा शब्द र अर्थको बोध्य-बोधक भाव-सम्बन्धलाई सङ्क्षेपमा के भनिन्छ ?

(1) रीति।  (2) वृत्ति।  (3) आसत्ति।  (4) परिज्ञान।

40. यो नाटक सामाजिक विषयको अनि माध्यमिक कालमा लेखिएको हो, पछि लेखकका बारेमा तयार भएको स्मृति ग्रन्थमा सङ्कलित पनि छ, भन्ने विवरणले संङ्केत गरेको नाटक कुन हो ?

(1) पहलमानसिंह स्वाँरको 'जगत्‌सिंह'।  (2) शम्भुप्रसाद ढुङ्गेलको 'मालतीमाधव'।

(3) मोतीराम भट्टको 'शकुनौती'।  (4) रामप्रसाद सत्यालको 'सती सावित्रीचरित्र'।

41. भाषामा स्वतन्त्र अर्थ नहुने शब्द कुन हुन् ?

(1) संयोजक, सहायक, क्रियापद।  (2) क्रियाविशेषण, सर्वनाम।

(3) विशेषण, कोटिकार।  (4) नाम, क्रियापद।

42. "को होला यो कसको छोरो ?

कसको बाबु गरीब ?

कुन आँमाले काख लिदाँमा

बल्थे दृगका दुइ दीप ?"

– यस पद्यमा उल्लेख गरिएको 'यो .... छोरो' को हो ?

(1) सडकछेउमा लडिरहेको बेवारित लास।  (2) बस अड्डामा छोडिएर रोइरहेको एउटा बालक।

(3) भिख माग्दै आउने मगन्ते।  (4) विश्वयुद्धमा मारिएको एउटा अज्ञात गोर्खा सैनिक।

43. 'विपना कतिपय' सङ्ग्रहको 'आफ्ना कुरा कतिपय' मा इन्द्रबहादुर राई आफैले उल्लेख गरे अनुसार कुन कुन विषयका दुईवटा कथा सङ्ग्रहमा नराखेर निकालिए ?

(1) कमानमा जुनी बिताउनेको कथा र कलकत्तातिर रैथाने भएर बसेकाहरूको कथा।

(2) नेपाल पस्न लागेका नेपालीहरूको कथा र चिनियाँ छिमेकीहरूको।

(3) हिमाल चढ्ने शेर्पाहरूको कथा र रोगीको मनभित्र खेल्ने कुराहरूको कथा।

(4) बिहा नै नभई छुटानाम हुनेहरूको कथा र बुढेसकालमा बिहे गर्नेहरूको कथा।

44. तलका मध्ये कुन कुराका निम्ति रुमानियाका कवि तथा नाटककार त्रिस्तान जारा प्रसिद्ध छन् ?

(1) दादावादका सञ्चालक – संस्थापक। (2) प्रतीकवादी कविताका प्रवर्तक।

(3) प्रभाववादी लेखनका चिन्तक। (4) क्युबिज्मका प्रतिष्ठापक लेखक।

45. बालकृष्ण समको नाटक 'प्रेमपिण्ड' मा आधार गरी बनाइएको चलचित्र 'प्रेमपिण्ड' को निर्देशन कसले गरेका हुन् ?

(1) चेतन कार्की। (2) लक्ष्मीनाथ शर्मा।

(3) नीर शाह। (4) प्रदीप रिमाल।

आकाशको चन्द्र सूर्य्य वरिपरि तारा।
सिद्ध गरी दिनु होला बाधा जति सारा॥
अनन्त प्रभुको कति छन् अवतार।
प्रभु सब रूपको गर्छु म नमस्कार॥

46. – माथिको पद्यात्मक रचना निर्गुण भक्ति धाराका कुन कविको हो ?

(1) सन्त शशिधर। (2) ज्ञानदिलदास।

(3) अगमदिलदास। (4) अखडदिलदास।

47. – माथिको रचना कुन छन्दमा छ ?

(1) दोहा। (2) सवाई। (3) वसन्ततिलका। (4) सेलो।

48. शुद्ध गेय लोकगीत, नृत्य लोकगीत, नाट्य लोकगीत आदि प्रकारमा लोकगीतको विभाजन गर्न सकिन्छ भने यो विभाजन कुन आधारमा गरिएको हुन्छ ?

(1) वस्तु वा भावका दृष्टिले। (2) उपयोगितामूलक दृष्टिले।

(3) प्रकृतिका दृष्टिले। (4) रूप तथा आयामका दृष्टिले।

49. बोद्धा, स्वरूप, प्रतीतिकाल, आश्रय, निमित्त, कार्य, सङ्ख्या र विषय – यी आठवटा कुराको विवरण मम्मटले कुन प्रसङ्गमा प्रस्तुत गरेका छन् ?

(1) शब्दको अर्थ र तात्पर्यका निम्ति अर्थप्रतीतिका कारकका प्रसङ्मा।

(2) शब्द शक्तिको लक्षणा भेदका आधारभूत विषयका प्रसङ्गमा।

(3) वाच्यार्थ र व्यङ्ग्यार्थका बिच रहेको भिन्नता प्रस्टयाउने विविध भेदकका प्रसङ्गमा।

(4) वाच्यार्थ र लक्ष्यार्थका पारस्परिक सम्बन्ध सङ्केतकका प्रसङ्गमा।

Prepp
Your Personal Exams Guide

50. 'जाउलो' शब्दको अर्थ के हो ?

(1) नुन, हर्दी आदि हालेर बनाइएको गिलो भात।

(2) पाहुनाका निम्ति बनाइएको राम्रो चामलको भात।

(3) मकैको चामल पनि मिसाएर बनाइएको भात।

(4) निकै महँगो एक किसिमको मसिनो चामल वा त्यसको भात।

51. रूपनारायण सिंहको 'कथा नवरत्न' मा नौवटा कथा सङ्कलित छन् भने शिवकुमार राईको 'फ्रन्टियर' मा कतिवटा कथा सङ्ग्रहित छन् ?

(1) नौवटा। (2) दसवटा। (3) एघारवटा। (4) बाह्रवटा।

52. "आजका आलोचना समसामयिक हुनका लागि प्राय: भाषाविज्ञानको आड लिन्छन्। स्त्रीवादी तथा पाठकाभिमुख सिद्धान्तहरूमा भने कतिपय धारा यस्ता छन् जो भाषाभिमुख भए पनि भाषाविज्ञानवादको कठोरतालाई अँगाल्दैनन्।" – उक्त कथन कसको कुन पुस्तकबाट उद्धृत गरिएको हो ?

(1) गोविन्दराज भट्टराईको 'उत्तरआधुनिक ऐना'।

(2) पेम्पा तामाङको 'आख्यानदेखि पराख्यानसम्म'।

(3) ऋषिराज बरालको 'मार्क्सवाद र उत्तरआधुनिकतावाद'।

(4) कृष्ण गौतमको 'आधुनिक आलोचना : अनेक रूप अनेक पठन'।

53. स्वच्छन्दतावादी विचारधाराका पृष्ठपोषकका रूपमा चिनाउँदै जे बी प्रिस्लेले रुसोलाई के भनेका थिए ?

(1) क्याटालिक्टिक एजेन्ट। (2) पायोनियर अफ रोमान्टिसिज्म।

(3) ग्रेटेस्ट एजेन्ट अफ रोमान्टिसिज्म। (4) रोमान्टिक क्याटालिस्ट।

54. सन् 1942 मा 'शारदा' पत्रिकाको नववर्षाङ्कमा बालकृष्ण समको एकाङ्की 'बोक्सी' प्रकाशित हुँदा सोही अङ्कमा अर्को कुन लेखकको कुन एकाङ्की प्रकाशित भएको थियो ?

(1) भीमनिधि तिवारीको 'बिसे नगर्ची'। (2) हृदयचन्द्रसिंह प्रधानको 'गङ्गालालको चिता'।

(3) गोपालप्रसाद रिमालको 'नेपाली संस्कृति'। (4) पुष्कर शमशेर राणाको 'लक्ष्यहीन'।

www.prepp.in

Prepp
Your Personal Exams Guide

55. वसन्त शर्माको 'समुद्रलहरी' को रचना कुन छन्दमा भएको छ ?

(1) दोहा। (2) कवित्त। (3) झयाउरे। (4) सवाई।

56. रसदोषका सन्दर्भमा नायक वा पात्रादिको चित्रण तिनका स्वभाव, प्रकृति तथा चरित्रअनुसारका नभएमा त्यो कस्तो रसदोष मानिन्छ ?

(1) प्रकृति-विघ्नित। (2) विपरीत-कथ्य।

(3) प्रकृति-विपर्यय। (4) प्रकृति-विशुद्ध।

57. तलका मध्ये कुन कथन **सही** हो ?

(1) कुन्तकले रसलाई अर्थ वा भावको प्रसारण विन्दु हो भन्ने अर्थमा ग्रहण गरे।

(2) जगन्नाथको भनाइअनुसार रस स्वयं प्रकाश्य हुन्छ, आनन्दमय हुन्छ।

(3) भरतको भनाइअनुसार नाटकमा रसको समावेश ब्रह्माले गरेका हुन्।

(4) भामहले भावहीन रस हुँ दैन र रसहीन भाव हुँ दैन भन्ने विचार प्रकट गरे।

58. "प्रत्येक वाक्य सार्थक हो अनि जीव सार्थक हो" भन्ने धारणा स्फोटको कुन वर्गमा राख्न सकिन्छ ?

(1) वाक्यस्फोट। (2) वाक्य-जातिस्फोट।

(3) पदस्फोट। (4) पद-जातिस्फोट।

59. 'यो नेपाली हृदय-मन्दिरको टलक्क टल्कने गजुर भएको छ' भन्दै लक्ष्मीप्रसाद देवकोटाको झयाउरेमा रचित कृति 'मुनामदन' का निम्ति यस्तो विचार प्रकट गर्ने लोक साहित्यका अध्येता को हुन् ?

(1) काजीमान कन्दङ्वा। (2) धर्मराज थापा।

(3) चूडामणि बन्धु। (4) कृष्णप्रसाद पराजुली।

60. समालोचक सञ्जीव उप्रेतीका विचारमा ध्रुवचन्द्र गौतमले 'अलिखित' उपन्यासमा प्रस्तुत गरेको यथार्थ, फेन्टासी र सामाजिक व्यङ्ग्यमा कुन प्रवृत्ति पाइन्छ ?

(1) तिलस्मी। (2) कल्पनावादी। (3) मायावी यथार्थवादी। (4) स्वैरकल्पनावादी।

61. लक्ष्मीप्रसाद देवकोटाको 'म्हेन्दु' खण्डकाव्यमा सामन्ती चरित्र भएको रे विकृति मानसिक अहम् बोक्ने असत् पात्र को हो ?

(1) गुम्बु। (2) गम्बोजी। (3) मिन्दी। (4) राङ्जा।

62. नेपाली साहित्यमा अभिसारिका, वासकसज्जा, विप्रलब्धा, स्वाधीनभर्तृका, उत्कण्ठिता, मृगाक्षी, खण्डिता गरी नायिकाका सात प्रकारका लक्षण सूचित गरी पूर्वीय साहित्यिक रीतिवादको बीजारोपण गर्ने प्रथम व्यक्ति को हुन् ?

(1) हीनव्याकरणी विद्यापति।    (2) कुलचन्द्र गौतम।
(3) सोमनाथ सिग्द्येल।    (4) वीरेन्द्रकेशरी अर्ज्याल।

63. इन्द्रबहादुर राईका मतअनुसार उनैको 'आज रमिता छ' उपन्यास कस्तो उपन्यास हो ?

(1) मानवतावादी।    (2) आलोचनात्मक यथार्थवादी।
(3) जीवनवादी यथार्थवादी।    (4) समस्यामूलक।

64. "ध्रुवतारा र जलधारा दुवै हाम्रो प्राणका प्यारा – आँखाका तारा, यी दुइलाई पालन-पोषण गर्दै सुखसित बगिरहन्छ हामी दुइको जीवन धारा।

कविता गर्ने प्रयास मैले गरेको होइन, यी कुरा सत्य हुन्।" – यस उद्धरणबाट कथकमा कस्तो पूर्वाग्रह रहेको देखिन्छ ?

(1) छोराछोरीको पालन-पोषण गर्नु नै मातापिताको जीवनोद्देश्य हो।
(2) कवितामा सत्य कुरा हुँदैन।
(3) तुकबन्दी नै कविता हो।
(4) सन्तान भएका दम्पतीहरू सुखी हुन्छन्।

65. आई ए रिचर्ड्सका समालोचना सिद्धान्तको विरोध र खण्डन गर्नेहरूले उनका सिद्धान्तमाथि कुन कुराको अभियोग लगाएका छन् ?

(1) वैज्ञानिकतावाद।    (2) संशोधनवाद।
(3) अभिजात्यवाद।    (4) वस्तु-प्रमाणवाद।

66. संरचना र बुनोटलाई कविताका मुख्य उपादन ठहऱ्याउने समालोचक को हुन् ?

(1) आई ए रिचर्ड्स।    (2) टी एस इलियट।
(3) जोहन क्रो र्‍यान्सम।    (4) क्लिन्थ ब्रुक्स।

67. आई ए रिचर्ड्स अनुसार भाषाका दुईवटा प्रायोगिक भेद कुन कुन हुन् ?

(1) काव्यभाषा र साधारण बोलचालको भाषा।    (2) अलङ्कृत भाषा र अनलङ्कृत भाषा।
(3) अभ्युद्देशात्मक भाषा र रागात्मक भाषा।    (4) शुद्ध व्याकरणिक भाषा र अशुद्ध बोलचालको भाषा।

Prepp
Your Personal Exams Guide

68. रिचर्ड्सले 'सौन्दर्यको आधारशिला' नामक किताब अरू कस-कससँग मिलेर लेखेका हुन्?

(1) सी के ओग्देन र थोमस न्यास। (2) म्याक्स इस्टम्यान र जेम्स वुड।

(3) जेम्स वुड र रोजर्स फ्राई। (4) सी के ओग्देन र जेम्स वुड।

"अफसोस! हजार अफसोस!! हामीले गरेका आशामुताबिक इनका लेखनीबाट एक दुइ साना ग्रन्थबाहेक अरू के ही निस्केको छैन। पानी बोकी आएको बादलले एक दुइ बूँदमात्र खसाली त्यसै गयो भने खेतीवालहरूका मनमा कत्रो फिक्री होला!"

69. – यस उद्धरणका लेखक को हुन्?

(1) नरदेव पाण्डे। (2) सूर्यविक्रम ज्ञवाली।

(3) राममणि आ दी। (4) शम्भुप्रसाद ढुङ्ग्याल।

70. – यस उद्धरणमा 'इनका लेखनीबाट' भनेर कसका विषयमा भनिएको हो?

(1) लेखनाथ पौड्याल। (2) मोतीराम भट्ट।

(3) शम्भुप्रसाद ढुङ्ग्याल। (4) दधिराम मरासिनी।

71. नेपाली साहित्येतिहास लेखन परम्परामा पुरोगामी मानिने 'ए सर्ट स्केच अव् द पर्वतीया ल्याङ्वेज एन्ड लिटरेचर' शीर्षक इतिहासमूलक लेखका लेखक को हुन्?

(1) जयपृथ्वीबहादुर सिंह। (2) सुनीतिकुमार च्याटर्जी।

(3) पद्मनाभ सापकोटा। (4) दयानन्द श्रीवास्तव।

72. माथि उल्लेख गरिएको लेख कुन पुस्तकमा समावेश गरिएको छ?

(1) आर सी दत्तको 'हिस्ट्री अव् इन्डिया'।

(2) आर एल टर्नरको 'एटाइमलोजिकल डिक्सनरी अव् नेपाली ल्याङ्वेज'।

(3) जे ए एटनको 'ग्रामर अव् नेप्लिज ल्याङ्वेज'।

(4) बी एच हज्सनको 'एसेज अन द ल्याङ्वेज, लिटरेचर एन्ड रिलिजियन अव् नेपाल एन्ड टिबेट'।

www.prepp.in

Prepp
Your Personal Exams Guide

73. 'साहित्य स्रोत' मा प्रकाशित 'बिग्रेको बाहुन' का कथाकार रूपनारायण सिंह हुन् भने 'हाम्रो कथा' मा प्रकाशित 'लोभी बाहुन' का कथाकार को हुन्?

(1) रामलाल अधिकारी। (2) वीरविक्रम गुरुङ।

(3) अच्छा राई 'रसिक'। (4) देवकुमारी थापा।

74. वीरहरूका प्रसङ्गमा, स्तुतिगान गरिने लोककाव्यलाई के भनिन्छ?

(1) चैत। (2) कर्खा। (3) धमारी। (4) सवाई।

75. चारवटा 'स' गण भएको तोटक छन्द हुन्छ भने एक पाउमा चारवटा 'र' गण भएको छन्द कुन हो?

(1) स्रग्विणी। (2) स्रग्धरा। (3) रथोद्धता। (4) भुजङ्गप्रयात।

- o 0 o -

Prepp Your Personal Exam Guide

www.prepp.in

Prepp
Your Personal Exams Guide

Space For Rough Work

Prepp Your Personal Exam Guide